आज मिति २०७८/०१/३१ गते यस बुद्धभूमि नगरपालिकामा नगर विपद् व्यवस्थापन समितिको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको संयोजकत्वमा तपसिल बमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री अनिल पौडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | पूर्वाधार वि. समिति | बुद्धभूमि न.पा. १ | |
| ५ | श्री पवन कुमार थारु | विद्येयक समिति. | बुद्धभूमि न.पा. ४ | |
| ६ | श्री वेचन प्रसाद यादव | संस्थागत तथा क्षमता वि. | बुद्धभूमि न.पा. ५ | |
| ७ | श्री कपिलदेव तिवारी | सामाजिक वि. समिति | बुद्धभूमि न.पा. ८ | |
| ८ | श्री कमला चौधरी | वन वातावरण समिति. | बुद्धभूमि न.पा. १ | |
| ९ | श्री राम मनोरथ लोहार | आर्थिक वि. समिति | बुद्धभूमि न.पा. ६ | |
| १० | श्री पिताम्बर खनाल | ने.क.पा. (एमाले) प्रतिनिधि | | |
| ११ | श्री माधव दमासे | ने.का. प्रतिनिधि | | |
| १२ | श्री विष्णु प्रसाद भुसाल | ने.क.पा. (माओवादी) प्रतिनिधि | | |
| १३ | श्री शम्शेर अली ~~मुसलमान~~ खान | रा.ज.पा. प्रतिनिधि | | |
| १४ | श्री विष्णुहरि शर्मा | रा.ज.पा. प्रतिनिधि | | |
| १५ | श्री माधव पौडेल | जनमोर्चा प्रतिनिधि | | |
| १६ | श्री लिलाराम आचार्य | इलाका प्रहरी कार्यालय गोरूसिगें | | |
| १७ | श्री सुरेन्द्र बहादुर बोहारा | बेस क्याम्पस चौरी | " न.पा. ५ | |
| १८ | श्री नविन खनाल | सा.वि.स. | | |
| १९ | | उद्योग वाणिज्य संघ प्रतिनिधि | | |
| २० | | प्रतिनिधि गै.स.स. महासंघ | | |
| २१ | किरण प्र. [illegible] | प्रतिनिधि प्रत्रकार महासंघ | [illegible] | |
| २२ | श्री निकिता त्रिपाठी | इन्जिनियर सदस्य सचिव | " | |
| | | आमन्त्रित | | |
| १ | विनोद केदट | capacity building officer | किर्डक नेपाल | |
| २ | कृष्ण रावल | जिल्ला संयोजक | किर्डक नेपाल | |
| ३ | राजन कु. पोखरेल | [illegible] अधिकृत | बुद्धभूमि न.पा. | |
| ४ | श्री खुबीराम खनाल | स्थानीय संयोजक | " | |

**१. कोभिडका कारणले मृत्यु भएका परिवारलाई सहयोग सम्बन्धमा ।**

**निर्णय:** कोभिड Positive भई अस्पताल/होम आईसोलेसन बसेका बखत कोभिडका कारणले मृत्यु भएका आर्थिक अवस्था अत्यन्त कमजोर (दयनीय) भएका कारणले काज क्रिया गर्न असहज भएका मृतकका परिवारलाई प्रति परिवार राहत स्वरूप विपद् व्यवस्थापन कोषबाट २० हजार रुपैयाँ देहायका कागजात सहित पेश भएका बखत भुक्तानी दिन नगरपालिकालाई सिफारिस गर्ने ।

१. नागरिकता वा बसोबास रहेको वडाको सिफारिस ।

२. वडा कार्यालयको सिफारिस (अस्पतालको निस्सा) ।

३. पोजेटिभ देखिने PCR Report ।

४. आर्थिक अवस्था कमजोर भएको भनि वडाको सिफारिस ।

सहित पेश भएको परिवारको खातामा रकम वा चेक उपलब्ध गराउने ।

**२. कार्यक्रम/योजना स्थगन तथा विद्यालयको परीक्षा सम्बन्धमा ।**

**निर्णय:** बढ्दो विपद् अवस्थालाई मध्यनजर गरी वडा/नगरका सामाजिक क्षेत्रका योजना/कार्यक्रमहरू तालिम/भेला/अन्तरक्रियाहरू स्थगन गर्न/नगरपालिकालाई सिफारिस गर्ने । साथै कक्षा ८ तथा अन्य कक्षाहरूको अघिल्लो वर्षको २०७७ सालको त्रैमासिक, अर्धवार्षिक परीक्षाका आधारमा आन्तरिक मूल्याङ्कनका आधारमा विद्यार्थीलाई Upgrade गर्ने व्यवस्था मिलाउने ।

**३. बैक वित्तीय संस्था/सहकारीको सेवा स्थगन सम्बन्धमा ।**

**निर्णय:** बढ्दो जोखिमतालाई मध्यनजर गरी बैक/वित्तीय संस्थाहरू साथै सहकारीहरू ज्येष्ठ १० गतेसम्म आन्तरिक कार्यहरू गर्ने बाहेक पुर्ण बाह्य सेवा पूर्ण रूपमा बन्द गर्ने । उक्त समयावधि पछि जोखिमलाई मध्येनजर गरी नगरपालिकाले आवश्यक व्यवस्था मिलाउने । साथै नगरपालिकाको स्वास्थ्य जन्य र अत्यावश्यक कार्य बाहेक जेष्ठ १० गते सम्म सेवा स्थगन गर्ने। ( बैकहरूको हकमा नगरपालिकाको पूर्व अनुरोधमा खोल्नु पर्ने)

**४. वस्तुगत सहायताको आव्हान सम्बन्धमा ।**

**निर्णय:** आईसोलेसनलाई थप व्यवस्थित बनाउन मौजुदा Oxygen Cylinder हरू बढाई २५ वटा सम्म पुऱ्याउन उद्योगी /व्यवसायीहरूलाई सहयोगका लागि आव्हान गर्ने वा नगरपालिकाले व्यवस्था मिलाउने कम्तीमा ३ सेट कन्सन्ट्रेटर (Oxygen Concentrator) गै.स.स निजी क्षेत्रलाई सहयोग गर्न आव्हान गर्ने/साथै गै.स.स /निजी क्षेत्र विदेशमा रहने बुद्धभूमि बासि दाजुभाइ दिदी बहिनीलाई देहायका वस्तुगत सहायताका लागि आव्हान गर्ने ।

१. पि.पि.ई सेट
२. Oxygen Cylinder
३. मेडिकल बेड
४. कन्सटिनेटर
५. ईलेक्टिक अक्सिजन
६. Antigen Kit
७. व्यवस्थापकीय सहयोग (गाडी भाडामा लिइदिने/उपलब्ध गराइदिने तथा अन्य ठोस Logistic Support उपलब्ध गराउने)

**५. जिल्ला अस्पताललाई रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय:** जिल्ला अस्पताललाई कोभिड व्यवस्थापन कार्य सहजिकरणका लागि उपलब्ध गराइएको ३ लाख सहयोगको प्रभावकारी उपयोगका अनुरोध सहित जिल्ला अस्पताललाई रकम उपलब्ध गराउने कार्य सराहनीय रहेकोमा धन्यवाद दिने ।

**६. Quick Action Team सम्बन्धमा । आईसोलेसन सञ्चालन/व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय:** आईसोलेसन व्यवस्थापन सहजिकरणका लागि नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य प्रमुख सहितको Quick action team बनाई कार्य गर्ने र उक्त कार्यको आगामी बैठकमा वा कार्यपालिकामा पेश गर्ने गरी अनुमोदन गर्ने । आईसोलेसन व्यवस्थापन सहजिकरणका लागि देहाय अनुरूप व्यवस्था मिलाउन सिफारिस गरिन्छ ।

*आईसोलेसनका नियमहरू*

- बिहान खाना र खाजा दिउसो खाजा र खाना निःशुल्क खुवाउने ।
- तातो पानीको लागि इलेक्ट्रिक जगको व्यदस्था मिलाईने ।
- थप पोसिलो खानाको लागि बिरामीको घरबाट ल्याइ खुवाउन सक्ने व्यवस्था मिलाउने ।
- दैनिक उपभोग तथा सरसफाइका सामाग्री बिरामीको / आफन्तले व्यवस्था मिलाउनु पर्ने । ( तुथ पेस्ट ब्रस , काईयो , गिलास , कचौरा , थाल आदि ) ।
- भर्ना भएका बिरामीहरूलाई औषधी निःशुल्क उपलब्ध गराउने । आईसोलेसनमा नभएका औषधीहरू बिरामी / आफन्तले व्यवस्था गर्नुपर्ने ।
- आईसोलेसनमा रहेका बिरामीलाई अक्सिजनको आवश्यकता भएमा निःशुल्क व्यवस्था मिलाउने । तर आईसोलेसनमा अक्सिजन नभएमा बिरामी / आफन्तले व्यवस्था मिलाउनु पर्ने ।

- आईसोलेसनमा बस्दा अनुशासित भइ बस्नु पर्ने छ। बिरामी वा कुरुवाको कारणले कुनै क्षति हुन गएमा स्वयम् आफै जिम्मेवार हुनु पर्ने तथा भएको क्षति असुल उपर गर्ने।
- आईसोलेसनमा भर्ना हुन आउँदा अनिवार्य पि.सि.आर. / Antigen Test को रिपोर्ट ल्याउनु पर्ने। अन्यथा भर्ना नगर्ने।
- पि.सि.आर. / Antigen test को रिपोर्ट पोजेटिभ भएका यस पालिका अन्तर्गतका बिरामीलाई निःशुल्क एम्बुलेन्स सेवा मार्फत आईसोलेसनमा ल्याउने। वा बिरामी स्वयम् आफै आउन सक्ने।
- सिकिस्त वा थप उपचारको लागि लैजानु परेमा निःशुल्क एम्बुलेन्स मार्फत तौलिहवा , बुटवल , पाल्पा र दाङ सम्म सम्भव भएसम्म लैजाने व्यवस्था मिलाउने।
- टवाइलेट / बाथरुम कोठाको सरसफाइ बिरामी वा कुरुवाले आफैले सफा गर्नुपर्ने।
- आईसोलेसनमा भर्ना भई उपचारमा रहेका तथा अन्यत्र लैजादा एम्बुलेन्समा बाहेक आईसोलेसन भन्दा बाहिर अक्सिजन सिलिन्डर कुनै पनि शर्तमा उपलब्ध नगराउने।
- बिरामीलाई बेड , बिस्तारा , झूल, सिरानी र तन्नाको निःशुल्क व्यवस्था मिलाउने।
- आईसोलेसनमा बस्दा कुनै प्रकारको शुल्क नलिने।

**७. होम आईसोलेसन वा आईसोलेसन मृत्यु भएको मृत शरीर व्यवस्थापन**

**निर्णय:** आईसोलेसन वा होम आईसोलेसनमा रही Covid-19 को कारणले मृत्यु भएमा Dead body को व्यवस्थापन सम्बन्धित परिवारले ट्याक्टर / टिपर प्रयोग गरी गर्ने र खाडल खन्ने लगायतका कार्य नगरपालिकाको JCB बाट गर्ने/ट्याक्टर/टिपरको भाडा तिर्न नसक्ने अवस्थाको हकमा न्यून आय भएका /गरिब/असहायको हकमा वडा कार्यालयको सिफारिसमा विपद् व्यवस्थापन कोषबाट शव व्यवस्थापन खर्च उपलब्ध गराउने।

**८. स्वास्थ्य कर्मीको उपचार सम्बन्धमा।**

**निर्णय:** आईसोलेसन मा रही बिरामीको स्वास्थ्य उपचारमा संलग्न स्वास्थ्य कर्मीलाई Covid-19 को कारणले असहज भई थप उपचार गर्नुपर्ने अवस्था श्रृजना भएमा नेपाल सरकारले नियमानुसार दिने सुविधाका अलावा उपचार खर्चको ७०% नगरपालिकाबाट व्यहोर्ने।

**९. मेडिकल अफिसर सम्बन्धमा।**

**निर्णय:** आईसोलेसन प्रयोजनका लागि मेडिकल अफिसर अत्यन्त जरुरी रहेको यस अघि आईसोलेसनमा काम गरेका मेडिकल अफिसरलाई अनुरोध गरेकोमा निजले अनिच्छा देखाएको/तत्काल सूचना गरी भर्ना गर्ने अवस्था नभएको मनन् गर्दै छिमेकी पालिकाको PSC वा

अस्पतालमा कार्यरत मेडिकल अफिसरलाई जोखिम अवस्थामा र Off-Time(बिहान ,बेलुका ,राती) काम गरेबापत निजले खाईपाई आएको सुविधाको ७५% सुविधा यस पालिकाबाट दिने गरी असार मसान्त सम्म आईसोलेसन प्रयोजनका लागि काममा लगाउने ।

१०. **विपद् कर्नर सम्बन्धमा ।**

**निर्णय:** वडाहरूलाई, ईलाका प्रहरी चौकी, वेसमा (वडा नं. १, २, ५ को हकमा) विपद कर्नरका सामग्री राख्ने तथा सो को परिचालन सम्बन्धमा ।

११. **PCR का लागि VTM तथा Antigen खरिद सम्बन्धमा ।**

**निर्णय:** आवश्यकता अनुसार कोभिड परीक्षणका लागि आवश्यक VTM Kit खरिद तथा Antigen खरिद गर्ने व्यवस्था नगरपालिकाबाट मिलाउने ।

१२. **अवस्था विश्लेषण सम्बन्धमा ।**

**निर्णय:** कोभिड १९ को दोस्रो लहरबाट यस नगरवासी २४० जना पोजेटिभ भएको जानकारी स्वास्थ्य शाखा बाट प्राप्त भयो